नेपाल सरकार
चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०७९/०२/१९

## चिकित्सा शिक्षा स्नातक तहमा म्याचिङ (Matching) प्रणालीबाट विद्यार्थी छनौटका लागि प्राथमिकता निर्धारण (Priority Setting) गर्ने सम्बन्धी सूचना ।

चिकित्सा शिक्षा स्नातक तहको मिति २०७८/१२/१८, २० र २१ गते सञ्चालन भएका विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूले म्याचिङ (matching) प्रणालीद्वारा भर्ना प्रक्रियाको लागि चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत प्राथमिकता निर्धारण (priority setting) गरी शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्नका लागि चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ प्रणाली सम्बन्धी कार्यविधि, २०७८ (संशोधन सहित) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**प्राथमिकता निर्धारण (priority setting) एक पटक मात्र गराइने भएकाले र सोबाटै सम्पूर्ण चरणका म्याचिङ हुने भएकाले योग्यताक्रममा रहेका उम्मेदवारहरूले अनिवार्य रूपमा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौटका लागि प्राथमिकता निर्धारण (priority setting) गर्नुपर्नेछ ।**

**म्याचिङ (Matching) प्रणालीका लागि शिक्षण संस्था निर्धारण गर्ने प्रक्रिया:**

१. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूले https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी "Check your Status" बटनमा क्लिक गर्नुपर्नेछ ।

२. उम्मेदवारले अनलाइन फाराम भर्दा राखेको मोबाइल नम्बरमा Security Code पठाइनेछ ।

३. Security Code र प्रवेश परीक्षामा सामेल हुँदा दिएका विवरणहरू (Level, Program, Contact number, Date of birth, Voucher number) प्रविष्ट गरी "Search your status" बटन क्लिक गर्नुपर्नेछ ।

४. यस सूचनामा र शिक्षण संस्था छनौट गर्ने फाराममा दिइएका जानकारीहरू राम्ररी अध्ययन गरेर मात्र प्राथमिकता रोज्ने कार्य शुरु गर्नुपर्नेछ । उपलब्ध सिट संख्या र शिक्षण संस्था सम्बन्धी जानकारीका लागि Top menu मा रहेको Seat distribution मेनुमा क्लिक गरी हेर्नुपर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

५. सम्बन्धित उम्मेदवारको प्रोफाइल खुलेपछि त्यहाँ रहेको "Set college-program priority" बटनमा क्लिक गर्नुपर्नेछ ।

६. "Add College/Program" बटनमा क्लिक गरेपछि drop-down menu मा सम्बन्धित कार्यक्रम र शिक्षण संस्था देखाउने छ । उक्त मेनुबाट एक वा एक भन्दा बढी शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्नका लागि प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ । त्यहाँ रहेको "Insert below" र "Insert above" बटनले प्राथमिकता क्रम थप्न/सच्याउन सकिनेछ । उम्मेदवारले प्राथमिकता निर्धारण गरिसकेपछि "save college program priority" बटनमा क्लिक गर्नुपर्नेछ ।

७. मिति २०७८ चैत्र १८ गते सञ्चालित एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूले आफूले अध्ययन गर्न चाहेका MBBS, BDS, BSc Nursing, B Perfusion Technology र BASLP शैक्षिक कार्यक्रमहरूमा छुट्टाछुट्टै प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

८. योग्यताक्रम र प्राथमिकताको आधारमा म्याचिङ भई भर्नासूचीमा परिसकेपछि उक्त उम्मेदवारलाई अन्य कार्यक्रमको योग्यताक्रमको सूचीबाट हटाई आगामी म्याचिङका लागि प्रक्रिया सञ्चालन गरिनेछ ।

९. यस सूचनामा निर्धारण गरेको समय सिमाभित्र आफूले चयन गरेको प्राथमिकता संशोधन गर्न सकिने छ । यसरी प्राथमिकता संशोधन गरे पश्चात् "Save college program priority" बटनमा क्लिक गरी अनिवार्य रूपमा सुरक्षित (save) गर्नुपर्नेछ ।

१०. निर्धारित समय समाप्त भए पश्चात् फाराममा प्राथमिकताक्रम संशोधन गर्न सकिने छैन तसर्थ प्राथमिकता निर्धारण सम्बन्धी कार्य सावधानीका साथ गर्नुपर्नेछ ।

११. उम्मेदवारहरूले शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्न तोकिएको समय समाप्त भए पश्चात् आफूले छनौट गरेको प्राथमिकताको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नुपर्नेछ ।

**म्याचिङसम्बन्धी व्यवस्था**

शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्ने समय समाप्त भएपश्चात् उम्मेदवारको योग्यताक्रम, उम्मेदवारले निर्धारण गरेको प्राथमिकताक्रम र उपलब्ध सिट अनुसार कम्प्युटर प्रणालीमा आधारित म्याचिङ (computer based matching) प्रक्रियाबाट देहायअनुसार म्याचिङ गरी सूची प्रकाशित गरिनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

१२. सर्वप्रथम उम्मेदवारको योग्यताक्रम, उम्मेदवारले निर्धारण गरेको प्राथमिकताक्रम र उपलब्ध सिट अनुसार म्याचिङ भई पूर्व-मनोनयन सूचीमा सूचीकृत भएका उम्मेदवारहरूले सूचना प्रकाशन भएको **तीन** दिनभित्र आफू पूर्व मनोनयनमा परेका सिटहरू मध्ये अध्ययन गर्न स्वीकार (accept) वा अस्वीकार (withdraw) वा मनोनयन भएको कार्यक्रममा अध्ययन नै नगर्ने भए परित्याग (drop) को बटनमा क्लीक गरी सोको जानकारी आयोगलाई आफ्नो अनलाइन प्रोफाइल मार्फत दिनुपर्नेछ ।

a. स्वीकार (accept) गरी भर्ना सूचीमा नाम प्रकाशन भैसकेपछि भर्ना भए वा नभएमा पनि निजको नाम सम्पूर्ण शैक्षिक कार्यक्रमको सूचीबाट हटाउनुका साथै वैदेशिक अध्ययनका लागि अनुमती (eligibility) समेत उपलब्ध गराइने छैन ।

b. अस्वीकार (withdraw) गरी मनोनयनबाट हटेका उम्मेदवारलाई सो चरणको भर्ना पश्चात् रिक्त हुन आउने सिटमा हाल म्याचिङ् भएको प्राथमिकताक्रम भन्दा अघिल्लो प्राथमिकताक्रमको (better priority) सिटमा मात्र म्याचिङ हुन सक्ने गरी पछिल्लो चरणको म्याचिङमा समावेश हुने अवसर प्रदान गरिने छ ।

c. अस्वीकार (withdraw) वा परित्याग (drop) गरी रिक्त हुन आउने सिटहरूमा म्याचिङ गर्दा स्वत: अघिल्लो प्राथमिकताक्रममा स्तरोन्नती (Upgrade) हुने र बाँकी हुने सिटहरूमा योग्यताक्रम र प्राथमिकताक्रम अनुसार म्याचिङ हुनेछ ।

d. परित्याग (drop) गर्ने उम्मेदवारको नाम यस शैक्षिक सत्रको सम्बन्धित कार्यक्रमको सूचीबाट हटाइने छ ।

१३. उम्मेदवारले मनोनयनसम्बन्धी सूचनामा उल्लिखित अवधि भित्र कुनै जानकारी नगराएमा मनोनयन स्वत: स्वीकार गरेको मानिने छ तर एक भन्दा बढी शैक्षिक कार्यक्रममा मनोनयन (nomination) मा परेको अवस्थामा सम्बन्धित उम्मेदवारले अध्ययन गर्न सहमत भएको कुनै एक शैक्षिक कार्यक्रम/सिट स्वीकार गरी अन्य शैक्षिक कार्यक्रमहरू अनिवार्य रूपमा परित्याग (drop) गर्नुपर्नेछ ।

| |
|---|
| उदाहरणका लागि कुनै उम्मेदवारको MBBS, BDS र BPH मा मनोनयन भएको रहेछ र उसले MBBS अध्ययन गर्ने रहेछ भने MBBS मा स्वीकार (accept) गरी BDS र BPH मा अनिवार्य रूपमा परित्याग (drop) गर्नुपर्नेछ अन्यथा सबै शैक्षिक कार्यक्रमबाट निजको नाम हटाइनेछ। |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

एक भन्दा बढी शैक्षिक कार्यक्रम स्वीकार गरेको/भएको अवस्थामा सबै शैक्षिक कार्यक्रमबाट निजको नाम हटाइनेछ । अत: आफूले अध्ययन गर्न नचाहेको शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट नगर्न सुचित गरिन्छ ।

१४. कुनै उम्मेदवारले मनोनयन भएको शैक्षिक कार्यक्रममा अध्ययन गर्न अनिच्छा जारी गरी मनोनयनबाट नाम फिर्ता लिएको वा अस्वीकार (withdraw) वा परित्याग (drop) गरेको अवस्थामा म्याचिङको सूची परिवर्तन हुन सक्ने छ। यसरी म्याचिङको सूची परिवर्तन भई अवसर प्राप्त गर्ने पछिल्लो योग्यताक्रमका थप उम्मेदवारलाई १ (एक) दिनको समयावधिभित्र आफ्नो मनोनयन स्वीकार (accept) वा अस्वीकार (withdraw) वा परित्याग (drop) गर्ने अवसर दिइनेछ । अत: आफ्नो योग्यताक्रम (rank) भन्दा निकटतम् अघिल्लो योग्यताक्रममा Matching भएको रहेछ भने सो उम्मेदवारले सचेततापूर्वक मनोनयनको सूचना अनुसरण (follow) गर्न अनुरोध गरिन्छ ।

१५. छात्रवृत्तितर्फका लागि छुट्याइएको सिट एवम् विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा निर्धारित म्याचिङ तालिका बमोजिम म्याचिङ गरी भर्ना पश्चात् सिट रिक्त रहेमा उक्त सिटहरूलाई खुलातर्फ रूपान्तरण गरी खुला तर्फको म्याचिङ गरिनेछ ।

१६. म्याचिङ सम्बन्धी सम्पूर्ण प्रक्रिया चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ प्रणाली सम्बन्धी कार्यविधि, २०७८ (संशोधन सहित) बमोजिम हुनेछ । सो कार्यविधि आयोगको वेबसाइटमा राखिएको छ।

**छात्रवृत्ति तथा खुलातर्फको प्राथमिकता निर्धारण (priority setting) तालिका**

| S.N. | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1 | Online priority setting START | 2079/02/20 (10:00 AM) |
| 2 | Online priority setting CLOSE | 2079/02/26 (5:00 PM) |

**छात्रवृत्तितर्फको म्याचिङ र पूर्वमनोनयन (Matching and Pre-nomination) तालिका**

| S.N. | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1 | Matching and Pre-nomination | 2079/03/03 |
| 2 | Last date to Accept/Withdraw/Drop | 2079/03/06 (5:00 PM) |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

छात्रवृत्तितर्फको पहिलो चरणको म्याचिङ (matching) तालिका

| S.N. | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1 | First Pre-admission list | 2079/03/08 |
| | Last date to Accept/Withdraw/Drop (for new entry) | 2079/03/09 (5:00 PM) |
| 2 | First Admission List (Fixed) | 2079/03/11 |
| | Last date to Accept/Withdraw/Drop (for new entry) | 2079/03/12 (5:00 PM) |
| | Admission OPEN | 2079/03/13 |
| | Last date for Admission (University/Academy) | 2079/03/17 (5:00 PM) |

झूठो विवरण पेश गरी म्याचिङमा परेको वा भर्ना गरेको पाइएमा त्यस्ता विद्यार्थीको भर्ना रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

.................................
परीक्षा निर्देशनालय